फोन नं. : ०६७ ४३०२०२/२०३

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खानीगाउँ, पर्वत

## प्रेस विज्ञप्ती

नेपालमा नयाँ भेरियन्टको कोरोना भाइरसको संक्रमण द्रुतगतीमा फैलिएको छ । फलेवास नगरपालिकाको समुदाय तह सम्म संक्रमण फैलिएको गत हप्ता गरिएको पि.सि.आर.रिर्पोटवाट देखिएको छ । उक्त समस्यालाई निराकरण गर्न, कोरोना भाइरसको लक्षण देखिएका व्यक्तिहरुको पहिचान, उपचार र नगरवासीको आत्मवल वढाउने उद्देश्यले नगर प्रमुखको नेतृत्वमा, प्रमुख प्रशासकीय अधिकृत, फलेवास अस्पतालका डाक्टर, फलेवासमा रहेको धुलिखेल अस्पतालका डाक्टर, नगरपालिकाको स्वास्थ्य शाखाका प्राविधिकहरु, स्वास्थ्य चौकीका प्राविधिक र नगरका अन्य प्रतिनिधि सहितको टोली संक्रमण फैलिएको क्षेत्र, वस्ती, टोल तथा घरघरमा पुगि विरामीको चेकजाँच, औषधी उपचार, होम आइसोलेसनको अनुगमन, लक्षण देखिएका व्यक्तिहरुको वडा तहमा PCR परिक्षण गर्दै आएको छ । गत हप्ता ५४ जनाको PCR परिक्षण गरिएकोमा उक्त परिक्षणको रिर्पोटको आधारमा संक्रमण फैलिएको क्षेत्र वडा नं. ६ देविस्थान र वडा नं. २ थापाठानामा पुन: १०२ जनाको PCR परिक्षण गरिएको छ भने दैनिक रुपमा नगर कार्यपालिकाको कार्यालय र फलेवास नगर अस्पतालमा एन्टिजेन परिक्षण र साप्ताहिक रुपमा पि.सि.आर.परिक्षण हुंदै आएको छ। पि.सि.आर. परिक्षण गरिएका व्यक्तिहरु रिपोर्ट नआए सम्म घर भन्दा वाहिर नजान, सुरक्षित रुपमा छुट्टै वस्नु हुन अनुरोध गर्दछौं ।

कोरोना भाइरसको संक्रमण भई स्वास्थ्यमा समस्या आएका व्यक्तिहरुलाई फलेवास नगर अस्पतालको आइसोलेसनमा भर्ना गरि उपचार गरिएको छ । कोरोना भाइरसको संक्रमण देखिई स्वास्थ्यमा समस्या आएका विरामीहरुलाई निशुल्क एम्वुलेन्स सेवा, औषधी उपचार गर्दै आएको छ। नगर अस्पतालमा उपचार हुन नसक्ने विरामीलाई निशुल्क एम्वुलेन्स सेवा सहित कुस्मा तथा पोखरा रिफर गरी नगरवासीको उपचारमा सहयोग पुगेको छ । कोरोना भाइरसको संक्रमण नियन्त्रण, रोकथाम र उपचारका लागि फलेवास नगर अस्पताल क्रियाशिल रहेको छ भने नगर कार्यपालिकाले विभिन्न संयन्त्र निर्माण गरी नगर क्षेत्रमा परिचालित भएको अवस्था छ।

महामारीवाट नागरिकहरुलाई जोगाउन र सम्भावित संक्रमणलाई नियन्त्रण गर्न नगर कार्यपालिकाको सम्पूर्ण ध्यान केन्द्रित भएको छ। डाक्टर तथा स्वास्थ्य प्राविधिक टोली सहित नगर कार्यपालिका नगरवासीको घरआँगनमा क्रियाशिल रहेको छ । विपतको यस घडिमा नगरवासीहरुलाई भौतिक दुरी कायम गर्न, संक्रमण देखिएको व्यक्तिलाई सुरक्षित रुपमा होम आइसोलेसनमा राखी पोसिलो खानेकुरा खुवाउन, स्वास्थ्यमा समस्या आएमा स्वास्थ्य चौकी, नगर अस्पतालमा सम्पर्क गर्न, नआत्तिन, धैर्य गर्न र उच्च मनोवलका साथ संक्रमणको रोकथाम, नियन्त्रण र उपचारका लागि सरकारको प्रयासलाई पूर्ण साथ दिन अपिल गर्दछौं ।

मिति : २०७८ साल जेष्ठ ४ गते

पदमपाणी शर्मा
नगर प्रमुख

Phon no: 067-430202/430203/430204
Website : www.phalewasmun.gov.np, Email : phalewashnagarpalika@gmail.com